संघीय संसद

राष्ट्रिय सभा

अठारौं अधिवेशन

बैठक-३९

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

२०८२ भदौ ३ गते मङ्गलवार

*बैठक प्रारम्भ १:१८ बजे*

*बैठक स्थगित ४:४१ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको उनन्चालिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१८ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य नर बहादुर विष्टले** काठमाडौं उपत्यकामा खानेपानीको अभाव रहेको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्रले** कृषकलाई सहज रुपमा मलको उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनारले** बाजुरा जिल्लाको चुहाडी खोलाको बाढीले पुर्याएको क्षतिको जानकारी दिन गृहमन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा**)ले जन्मदर्ताको प्रमाणपत्र नभएकै कारण वालवालीकालाई शिक्षावाट वञ्चित गराउन नहुने जिकिर गर्नुभयो।

**माननीय सदस्य युवराज शर्माले** पछिल्लो समय जग्गा प्लटिङका कारण खेतियोग्य जमिन घट्दै गएको जिकिर गर्नुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले** महिला हिंसाका घटना अझै पनि उस्तै रहेको बताउनुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगरले** बिभिन्न तरिकाबाट राज्य आतङ्क फैलने कार्य बढ्दै गएकोले यस्ता कार्य रोक्न सरकारको ध्यानाकर्षण गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य शारदा देवी भट्टले** महिलाका हक अधिकर प्राप्तिको बाधक महिला नै हुने गरेको पाइएको हुनाले सबै महिलाले महिलाको हित अनुकुल हुने गरि हरेक क्रियाकलापमा भागलिने हो भने महिला कहिलै पछाडि नपर्ने कुरा बताउनुभयो।

**माननीय सदस्य नर बहादुर विष्टले** सरकार बिचौलियाको पक्षमा लागेर जनताको अधिकार हनन गराउने मार्गमा अगाडि बढेको देखिएकोले जनताको पक्षमा काम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य कृष्ण बहादुर रोकायले** अदालतको आदेश पालना सबैले गर्नु पर्ने र फैसला चित्त नबुझेको अवस्थामा पुनरावेदनको बाटो खुल्ला रहने हुँदा अदालतको आदेश विपरित हस्ताक्षर अभियान सञ्चालन गर्नुको औचित्य नरहेको जिकिर गर्नुभयो।

**माननीय सदस्य सावित्री मल्लले** कर्णाली प्रदेशका बिभिन्न नदिहरूमा सञ्चालनमा रहेका तुइनहरू अझै पनि विस्थापित गराउन नसकिएको बताउँदै झोलुङ्गे पुलको निर्माण गरी तुइन विस्थापित गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनारले** युवा शक्तिलाई आफ्नै देशमा पूर्ण रुपमा उपयोग गर्ने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायण दत्त भट्टले** हामी यही संरचनामा बस्ने अनि आफै संरचना ठिक छैन भन्ने जस्ता दोहोरो चरित्रले हामीलाई झन् पछाडि धकेल्ने भएको हुनाले सबै राजनितिक दलहरू सचेत रहनु पर्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य गंगा कुमारी बेलबासेले** नेपाली महिलाहरूको महान चाड तिजले सामाजिक एकता कायम गर्ने भएको हुनाले यसको मौलिक मुल्य मान्यतालाई जिवनतता दिलाउन हामी सबैले सहि तरिकाले चाडपर्व मनाउने चलनलाई छोड्नुनहुने बताउनुभयो।

**माननीय सदस्य इन्दिरा देवी गौतमले** नेपालबाट रोजगारीको लागि ठुलो संख्यामा युवाहरू विदेशिरहेको अवस्थामा नेपालामा युवाविहिन समाज बनेको तथा परिवार बिखण्डनको अबस्था सिर्जना भएकोले देशमै रोजगारीको अबसर सिर्जना गराउने पक्षमा लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, **सहरी विकास मन्त्रालयसँग** सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा प्रश्नकर्ता **माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले** आफ्ना दुईवटा प्रश्न सोध्नुहुँदा **माननीय उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले** उक्त प्रश्नहरुको जवाफ दिनुभयो।

त्यसपछि, विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहालले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त **"नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन"** सभा समक्ष पेस गर्नुभयो।

त्यसपछि, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्माले **"राष्ट्रिय निकुञ्जहरुसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२"** सभा समक्ष पेस गर्नुभयो।

त्यसपछि, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले **"सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, उक्त प्रस्ताव माथिको छलफलमा देहायबमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो:

१. माननीय सदस्य डा. अन्जान शाक्य

२. माननीय सदस्य घनश्याम रिजाल

३. माननीय सदस्य सुरेश कुमार आलेमगर
४. माननीय सदस्य इन्दिरा देवी गौतम
५. माननीय सदस्य किरण बाबु श्रेष्ठ
६. माननीय सदस्य डा. बेदुराम भुसाल
७. माननीय सदस्य तारामान स्वाँर
८. माननीय सदस्य गोपाल भट्टराई
९. माननीय सदस्य नारायण दत्त मिश्र
१०. माननीय सदस्य गंगा कुमारी बेलबासे
११. माननीय सदस्य मदन कुमारी शाह (गरिमा)
१२. माननीय सदस्य तुलसा कुमारी दाहाल
१३. माननीय सदस्य युवराज शर्मा
१४. माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी
१५. माननीय सदस्य सुमित्रा वि.सी.
१६. माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा

त्यसपछि, **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**ले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"सामाजिक सञ्जाल विधेयक, २०८१"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८२ साल भदौ ६ गते शुक्रबार अपराह्न १२ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।।

(पद्मप्रसाद पाण्डेय)
महासचिव